**श्री**

**राजस्व न्यायाधिकरण काठमाडौ, मुकाम पुल्चोक ललितपुर**

**इजलास**

**माननीय अध्यक्ष श्री टेकप्रसाद ढुङ्गाना**

**लेखा सदस्य श्री बासुदेव खनाल**

**<u>फैसला</u>**

**२०७९।०८० सालको निर्णय नं. ३५१**

**पुनरावेदन नं. ०७८-RB-००३७**

**पुनरावेदन दर्ता मितिः२०७८।०५।०२**

**<u>मुद्दाः– अग्रिमकर (२०७२/०७३) ।</u>**

का.जि.का.म.न.पा.वडा नं.२९ केशरमहल,लैनचौर स्थित नेपाल एस.बि.आई.बैंक लिमिटेडका तर्फबाट अख्तियार प्राप्त ऐ.का. प्रबन्ध संचालक दीपक कुमार दे.......१ } पुनरावेदक

**<u>विरुद्ध</u>**

ठूला करदाता कार्यालय, हरिहरभवन ललितपुर............................................ १ } प्रत्यर्थी

आन्तरिक राजस्व विभाग, लाजिम्पाट.........................................................१

**<u>शुरु निर्णय गर्ने कार्यालय र अधिकारी</u>**

शुरु निर्णय गर्ने कार्यालयः- ठूला करदाता कार्यालय,हरिहरभवन

शुरु निर्णय गर्ने अधिकारीः प्रमुख कर प्रशासक श्री झलक राम अधिकारी

शुरु कार्यालयको निर्णय मितिः–२०७७/०३/२६

**<u>प्रशासकीय पुनरावलोकनको निर्णय गर्ने कार्यालय र पदाधिकारी</u>**

निर्णय गर्ने कार्यालयः आन्तरिक राजस्व विभाग

निर्णय गर्ने पदाधिकारीः महानिर्देशक श्री झक्क प्रसाद आचार्य

निर्णय मितिः २०७७/१२/१३

<u>उपस्थित कानून व्यवसायीहरु</u>

पुनरावेदकका तर्फबाट : विद्वान अधिवक्ता श्री राजु शाक्य

प्रत्यर्थीको तर्फबाट : विद्धान सहायक न्यायाधिवक्ता श्री संगिता थोकर

**अविलम्वित नजीरः ×**

आन्तरिक राजस्व विभागका महानिर्देशकबाट मिति २०७७।१२।१३ मा भएको निर्णय उपर राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ६(१) र आयकर ऐन, २०५८ को दफा ११६ बमोजिम यस न्यायाधिकरणको क्षेत्राधिकार अन्तर्गत पुनरावेदन पत्र दर्ता भै पेश हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं न्यायाधिकरणको ठहर यसप्रकार रहेको छ ।

<u>तथ्य खण्ड</u>

१. पुनरावेदक करदाता नेपाल एस.वि.आई.बैंक लिमिटेडले आर्थिक वर्ष २०७२।०७३ को लागि आयकर ऐन, २०५८ को दफा ९९ बमोजिम कर निर्धारण गरी सोही ऐनको दफा ९६ अनुसार करयोग्य आय रु.१,९३,२०,९१,२६४।— (अक्षेरुपी एक अर्ब त्रियानब्बे करोड बीस लाख एकानब्बे हजार दुई सय चौसठ्ठी) देखाई ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरमा मिति २०७३।०९।२५ मा पेश भएको आय विवरण ।

२. करदातको आ.व. २०७२/०७३ मा VISA सेवा प्राप्त गरे वापतको खर्च रकममा आयकर ऐन,२०५८ को दफा ८८(१) बमोजिम १५ प्रतिशतले अग्रिम करकट्टी गरी दाखिला गर्नुपर्ने रकम रु.५५,७६,८२७।—दाखिला गर्न आयकर ऐन, २०५८ को दफा ९०(८) बमोजिम सूचना जारी गरिएकोमा करदाताले सो सम्बन्धमा कुनै जवाफ पेश गरेको पाइएन।

३. करदाताको आ.व. २०७२/०७३ मा रु.५६,७८,२२४।- अग्रिम कर माग गर्न आयकर ऐन २०५८ को दफा ९० को उपदफा (८) बमोजिम कर निर्धारण गर्ने गरी ठूला करदाता कार्यालय ललितपुरबाट मिति २०७७।०३।२६ मा भएको निर्णय ।

४. ठूला करदाता कार्यालयले मिति २०७७।०३।२६ मा जारी गरेको आ.व. २०७२/०७३ को अग्रिम करकट्टी दाखिला गर्न जारी आदेशमा चित्त नबुझि करदाता नेपाल एस.बि.आई. बैंक लिमिटेडले प्रशासकीय पुनरावलोकनका लागि मिति २०७७।०५।०३ मा आन्तरिक राजस्व विभागमा पेश गरेको निवेदन ।

५. ठूला करदाता कार्यालयबाट गरेको आदेश कानून सम्मत नै देखिएकोले निवेदकको जिकिर नपुग्ने ठहर्छ भनी आन्तरिक राजस्व विभागका महानिर्देशकबाट मिति २०७७।१२।१३ मा भएको निर्णय।

६. पुनरावेदक करदाताले आ.व.२०७२/०७३ मा **VISA Master Card** सेवा प्राप्त गरे वापत रु.१,८०,२६,१०८।— नेपाल बाहिरका आपूर्तिकर्ता **Visa worldwide Pte And Master Card** लाई भुक्तानी गरिएकोमा विदेशमा रहेर विदेशमै भएको कारोबारमा प्राप्त गर्ने सेवा वापत भुक्तानीलाई आयकर ऐन, २०५८ को दफा ८८ बमोजिम अग्रिम करकट्टी दाखिला गर्ने गरी शुरु कार्यालयबाट भएको निर्णय र सोलाई सदर गर्ने गरी आन्तरिक राजस्व कार्यालयका महानिर्देशकबाट भएको निर्णय समेत कानून सम्मत नभएकोले बदर गरी पाउँ भन्ने वेहोराको पुनरावेदकबाट यस न्यायाधिकरणमा मिति २०७८।०५।०१ मा दर्ता भएको पुनरावेदन पत्र।

७. यसमा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १४०(३) बमोजिम छलफलको प्रयोजनार्थ विशेष सरकारी वकीलको कार्यालयलाई सूचना दिई नियमानुसार पेश गर्नु भन्ने यस न्यायाधिकरणबाट मिति २०७९/०२/२७ मा भएको आदेश ।

## ठहर खण्ड

८. नियम बमोजिम पेशी सूचिमा चढी निणयार्थ इजलास समक्ष पेश हुन आएको प्रस्तुत मुद्दामा पुनरावेदक करदाता नेपाल एस.बि.आई बैंक लिमिटेडका तर्फबाट उपस्थित हुनुभएका विद्वान अधिवक्ता श्री राजु शाक्यले ठूला करदाता कार्यालयबाट आ.व. २०७२।०७३ मा करदाताबाट अग्रिम कर माग गर्ने गरी भएको आदेश र सो आदेश सदर गर्ने गरी आन्तरिक राजस्व विभागका महानिर्देशकबाट भएको निर्णय समेत मिलेको नहुँदा बदर हुनुपर्छ भनी गर्नुभएको बहस समेत सुनियो।

९. प्रत्यर्थी कार्यालयका तर्फबाट उपस्थित हुनुभएका विशेष सरकारी वकील कार्यालय, काठमाडौंका विद्वान सहायक न्यायाधिवक्ता श्री संगिता थोकरले शुरु कार्यालयबाट भएको अग्रिम कर माग गर्ने आदेश तथा सो आदेशलाई सदर गर्ने गरी अन्तरिक राजस्व विभागका महानिर्देशकले गरेको निर्णय समेत कानून सम्मत नै रहेको देखिंदा सदर गरी पाउँ भनी गर्नुभएको बहस समेत सुनियो।

१०. पुनरावेदक करदाताका तर्फबाट लिइएका पुनरावेदन जिकिरहरु, दुवैतर्फबाट प्रस्तुत बहस बुदाँहरु र मिसिल संलग्न कागज प्रमाणको अध्ययन गरी हेर्दा, यसमा ठूला करदाता कार्यालय, ललितपुरबाट करदाताको हकमा भएको अग्रिम करकट्टी माग गर्ने गरी भएको आदेश तथा प्रशासकीय पुनरावलोकनको क्रममा आन्तरिक राजस्व विभागका महानिर्देशकबाट भएको निर्णय मिलेको छ, छैन ? करदाताको पुनरावेदन जिकिर पुग्न सक्ने हो वा होइन? भन्ने विषयमा निर्णय दिनुपर्ने देखियो।

११. निर्णय तर्फ विचार गर्दा, पुनरावेदक करदाता बैंकले आ.व.०७२/०७३ मा **Visa /Master Card** सेवा वापत रु.१,८०,२६,१०८।—अग्रिम कर माग गरेको निर्णय कानुन

सम्मत नरहेको भनी जिकिर लिएको देखियो। करदाताले आ.व.०७२/०७३ मा **Visa /Master Card** सेवा वापतको भुक्तानीमा आयकर ऐन, २०५८ को दफा ८८(१) आकर्षित नहुने भनी उक्त खर्चलाई नाफा नोक्सान हिसाबमा खर्च लेखेको पाइयो। आयकर ऐन, २०५८ को दफा ६७(६) (ठ)(२) मा " नेपालमा सञ्चालित क्रियाकलापका सम्बन्धमा गरिएका भुक्तानीहरुको स्रोत नेपालमा रहेको मानिनेछ " भन्ने कानूनी व्यवस्था रहेको पाइन्छ। यस स्थितिमा करदाताले भुक्तानीको स्रोत पनि नेपाल भएको **Visa World Wide PTE and Master Card** सेवा मार्फत नेपालबाट विदेशमा रकम पठाउँदा सूचनाको उद्गम नेपाल भई नेपालबाट नै सो सेवाको उपभोग हुने भई आय आर्जनको कार्य पनि नेपालमा नै भएकोले सो आयमा करारोपण गर्ने अधिकार पनि नेपालको नै भएको देखियो। उक्त रकममा आयकर ऐन,२०५८ को दफा ८८(१) बमोजिम १५ प्रतिशतले हुने अग्रिम कर बुझाउनु पर्ने दायित्व करदातामा रहेको देखिंदा रू.१,८०,२६,१०८।— बराबर अग्रिम कर रकम माग गर्ने गरी शुरु कर कार्यालयबाट भएको आदेश र सोही आदेश सदर गर्ने गरी आन्तरिक राजस्व विभागका महानिर्देशकबाट भएको निर्णय समेत कानूनसम्मत नै देखिन आयो।

१२. तसर्थ माथि उल्लेखित तथ्य, आधार एवं कारण समेतबाट पुनरावेदक करदाता नेपाल एस.बि.आई.बैंक लिमिटेड (स्थायी लेखा नं.३००३२३००३) को आ.व.२०७२/०७३ को आयकर ऐन,२०५८ को दफा ९०(८) बमोजिम अग्रिम कर माग गर्ने गरी ठूला करदाता कार्यालय ललितपुरबाट मिति २०७७।३।२६ मा गरेको निर्णय तथा सोही निर्णय सदर गर्ने गरी आन्तरिक राजस्व विभागका महानिर्देशकबाट मिति २०७७।१२।१३ मा भएको निर्णय समेत मिलेकै देखिंदा सदर हुने ठहर्छ। करदाताको पुनरावेदन जिकिर पुग्न सक्दैन। अरुमा तपसिल बमोजिम गर्नु।

## <u>तपसील खण्ड</u>

१. फैसलाको प्रतिलिपी सहित फैसला भएको जानकारी बिशेष सरकारी वकीलको कार्यालय काठमाण्डौलाई पठाईदिनू।
२. प्रस्तुत फैसलाको विद्युतीय प्रति यस न्यायाधिकरणको सफ्टवेयरमा अपलोड गरी फैसलाको पीठमा जनाउनू।
३. सरोकारवाला पक्षले फैसलाको प्रतिलिपी माग गरेमा लाग्ने दस्तुर लिई नियमानुसार प्रतिलिपी दिनू।

४. प्रस्तुत पुनरावेदनको दायरीको लगत कट्टा गरी शुरु मिसिल ठूला करदाता कार्यालय, ललितपुर पठाई रेकर्ड मिसिल अभिलेख शाखामा बुझाईदिनू ।

टेकप्रसाद ढुङ्गाना
(अध्यक्ष)

उक्त रायमा मेरो सहमति छ ।

बासुदेव खनाल
(लेखा सदस्य)

<u>फैसला तयारीमा सहयोग गर्नुहुनेः-</u>
इजलास अधिकृतः सनिता लामा
फैसला मितिः२०८०।१।५।३
प्रमाणीकरण गर्ने लेखा सदस्यः-
फैसला प्रमाणित मितिः-

राजस्व न्यायाधिकरण काठमाडौं, मुकाम ललितपुरको छाप